# राष्ट्रिय सूचना आयोग
काठमाडौं

पत्र संख्या ०८२/८३

च. नं. .................

०१-४५९६५४४


# १९औँ राष्ट्रिय सूचना दिवस

## प्रेस विज्ञप्ति

राष्ट्रिय सूचना आयोगले सूचनाको हकसम्बन्धी ऐन, २०६४ साउन ५ गते जारी भई भदौ ३ गते देखि लागु भएको दिनको सम्झनामा हरेक वर्ष भदौ ३ गतेलाई देशव्यापी रूपमा राष्ट्रिय सूचना दिवस मनाउदै आइरहेको छ। 'सूचना हाम्रो अधिकारः सुशासन र विकासको आधार' मूल नाराका साथ यस वर्ष १९औं राष्ट्रिय सूचना दिवस आज भदौ ३ गते आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेश प्रसाद आचार्यज्यूको अध्यक्षता एवं सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको प्रमुख आतिथ्यतामा एक समारोहबीच सम्पन्न भएको छ। राष्ट्रिय गानबाट सुरू भएको उक्त समारोहमा सम्माननीय प्रधानमन्त्रीज्यूले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नु भएको छ।

समारोहमा सम्माननीय प्रधानमन्त्रीज्यूले आफू स्वयं सूचनाको हकको लागि लडेर आएको कारण संविधानमा सूचनाको हकलाई मौलिक हकको रूपमा स्थापित गरिएको बताउँदै विचार तथा अभिव्यक्ति स्वतन्त्रताको हक र सूचनाको हकमा सरकारले थोरै पनि कमी हुन नदिने बताउनु भयो। कार्यक्रममा उहाँले भन्नु भयो- संविधानमा रहेका ३१ वटा मौलिक हक मध्ये सूचनाको हक पनि एक हो। यसको कार्यान्वयनको लागि सरकार संवेदनशील छ, यो हकले लोकतन्त्रलाई बलियो र सदृढ बनाउने कुरामा म विश्वस्त रहेको छु।

उक्त समारोहमा आयोगको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीले सार्वजनिक गर्नु भयो। आयोगका प्रमुख सूचना आयुक्त डा. सुरेश प्रसाद आचार्यले सम्माननीय प्रधानमन्त्रीज्यूलाई प्रतिवेदन हस्तान्तरण गर्नु भयो।

सूचनाको हकको संरक्षण, प्रबर्द्धन र प्रचलन गर्न योगदान दिनु हुने पूर्व सूचना आयुक्त श्री किरण कुमार पोखरेलज्यूलाई सम्माननीय प्रधानमन्त्रीले सम्मानपत्र सहित दोसल्ला ओढाएर सम्मान गर्नु भयो। सूचनाको हकको क्षेत्रमा महत्वपूर्ण योगदान गर्नु हुने विभिन्न व्यक्तिहरुलाई आयोगको तर्फबाट सम्माननीय प्रधानमन्त्रीज्यूले पुरस्कार तथा सम्मानपत्र वितरण गर्नु भयो। उक्त समारोहमा विनय कसजु सूचनाको हक सर्वोत्कृष्ट अभियन्ता पुरस्कार श्री शिव गाउँले, विनय कसजु सूचनाको हक उत्कृष्ट अभियन्ता पुरस्कार श्री आरती चटौत, श्री अमृतनाथ तिमिल्सिना र श्री कृष्णा पौडेल पुरस्कृत हुन भयो।

त्यसै गरी उत्कृष्ट सूचना अधिकारीहरूमा लोक सेवा आयोगका श्री एक नारायण शर्मा, मानेभन्ज्याङ गाउँपालिकाको कार्यालय, ओखलढुङ्गाका श्री विपिन कार्की, खैरहनी नगरपालिकाको कार्यालय, चितवनका श्री दामोदर अधिकारी, शंखरापुर नगरपालिकाको कार्यालय, काठमाडौंका श्री सुभद्रा पुडासैनी र भरतपुर महानगरपालिकाको कार्यालय, चितवनका श्री मेनका पण्डित पुरस्कृत हुन भयो। साथै आयोगमा रही उत्कृष्ट कार्य सम्पादन गर्नु हुने आयोगका कर्मचारीहरुमा उपसचिव, श्री देवेन्द्र कार्की, शाखा अधिकृत, श्री सहनशिला पुडासैनी, लेखा अधिकृत, श्री अशोक न्यौपाने र कम्प्युटर अपरेटर, श्री मोहन ज्ञवाली रहनु भएको छ भने कर्मचारी प्रोत्साहन पुरस्कारबाट हलुका सवारी चालक, श्री विजय श्रेष्ठ र कार्यालय सहयोगी श्री टिका प्रसाद घिमिरे पुरस्कृत हुनभयो।

उक्त समारोहमा विशिष्ट अतिथि माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङज्यू, लगायत संवैधानिक निकायका पदाधिकारीहरु, नेपाल सरकारका सचिवज्यूहरु, नेपाल सरकारका सहसचिवहरु, काठमाडौं उपत्यकाका प्रमुख जिल्ला अधिकारीहरु, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका वरिष्ठ अधिकारी, नेपाल सरकारका विभिन्न निकायका प्रमुख एवं सूचना अधिकारीहरु, राष्ट्रिय सूचना आयोगका पूर्व प्रमुख सूचना आयुक्त, पूर्व आयुक्तहरू, पूर्व सचिवहरु र आयोगका कर्मचारीहरुको सहभागिता रहेको थियो। समारोहमा सूचना आयुक्त गगन विष्टले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो भने आयोगका सूचना आयुक्त श्री दुर्गा भण्डारी पौडेलले सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो। आयोगका सचिव दीर्घ राज मैनालीले सञ्चालन गर्नु भएको थियो।

प्रमुख सूचना आयुक्त डा. सुरेश प्रसाद आचार्यले सम्माननीय प्रधानमन्त्रीज्यूलाई आयोगको तर्फबाट मायाको चिनो हस्तान्तरण गर्नु भयो।

समारोहमा प्रमुख सूचना आयुक्त डा. सुरेश प्रसाद आचार्यले समापन मन्तव्य राख्दै सूचना कुनै अमुर्त वस्तु नभएको र सूचना नागरिकको ज्ञान, शक्ति भएको कारण यसले नागरिकलाई जिम्मेवार बनाउने बताउनु भयो। सूचनाको हकको संरक्षण गर्नु नागरिकको कर्तव्य भएको कुरा बताउँदै उहाँले कानून बमोजिम सूचनाको वर्गीकरण गर्न सरकारको ध्यानाकर्षण गर्नु भयो। आयोगले डिजिटल प्लाटफर्ममार्फत सूचना माग गर्ने र प्रदान गर्ने व्यवस्थाको शुरूवात गरेको पनि जानकारी दिँदै उहाँले सबैले सूचना प्रवाह गर्ने संस्कृति विकास गरी नेपाललाई सुसूचित, समावेशी र सफल बनाउनु पर्ने धारणा व्यक्त गर्नु भयो। उक्त समारोहको समापन प्रमुख सूचना आयुक्तज्यूले गर्नु भयो।

२०८२ साल भाद्र ३ गते मंगलबार

गगन विष्ट

प्रवक्ता एवं सूचना आयुक्त

# राष्ट्रिय सूचना आयोग

काठमाडौं

पत्र संख्या ०८२/८३

च. नं. ..................

०१-४५९६५४४